हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : २११ पृष्ठ : ४ २०७७ फाल्गुन १९ गते बुधबार (Wednesday 03 March 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# मिर्चैयामा सम्पन्न भयो साप्ताहिक मेयर कप खेलकुद प्रतियोगिता

**बिनय यादव**

**मिर्चैया ।** मिर्चैयामा नगरस्तरीय अन्तर विद्यालय मेयर कप सप्ताहिक खेलकुद प्रतियोगिता सम्पन्न भएको छ । नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा गत १२ गतेदेखि सञ्चालन भएको सप्ताहिक मेयर कप मंगलबार सम्पन्न भएको हो ।





खेलकुद प्रतियोगितामा नगरभरका विभिन्न विद्यालयका विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए । विभिन्न ६ विधामा भएको प्रतिस्पर्धामा भलिबल खेलमा छात्रतर्फ मोहन नमूना मावि प्रथम भए । छात्रातर्फ भने टाइम्स स्कुल प्रथम भएका छन् ।

भलिबलमै छात्रतर्फ द्वितीय पोलर स्टार इंगलिश बोर्डिङ स्कूल भएका छन् भने छात्रातर्फको द्वितीय पुरस्कार पनि मोहन नमुना मावि विद्यार्थीले हात पारेका छन् । यस्तै, छात्रतर्फ तृतीय पुरस्कार सागरमाथा माविले जितेका छन् भने छात्रातर्फ रामजानकी विद्या मन्दिर तृतीय भएका छन् ।

यसैगरी, हाइजम्पको तह १ देखि ५ सम्मको खेलमा छात्रतर्फ अक्षर पाठशालाका विक्रम यादव प्रथम भएका छन् । द्वितीय भने आदर्श शिक्षा सदनका मुकेश मण्डल भए । यसमा स्वस्तिक पाठशालाका राधेश्याम मण्डल तृतीय भएका छन् ।

त्यसैगरी, छात्रातर्फ स्वास्तिक पाठशालाकी चन्द्रीका शर्माले प्रथम स्थान हासिल गरिन् । यसमा आदर्श शिक्षा सदनकी रञ्जना कुमारी यादव द्वितीय भएकी छिन् भने जनता मावि सितापुरकी नेहा कुमारी यादव तृतीय भइन् ।

यस्तै, हाइजम्पकै तह ६ देखि १२ सम्मको खेलमा छात्रतर्फ पोलर स्टार ईगलिश बोर्डिङ स्कूलका विरेन्द्र साह प्रथम भएका छन् । यसमा सप्तऋषि मोडेल एकेडेमीका सुदिप महतो द्वितीय भएका छन् भने तृतीय स्वस्तिक पाठशालाका नन्नुबाबु पटेल भए ।

छात्रातर्फ भने शारदा माविकी सुनिता साह प्रथम भइन् । यसमा पोलर स्टार ईगलिश बोर्डिङ स्कूलकी काजल ठाकुर द्वितीय तथा बाजु मावि फुलबरियाकी रक्षा कुमारी यादव तृतीय भएकी छन् ।

यसैगरी, लङजम्पको तह १ देखि ५ सम्मको खेलमा छात्रतर्फ चानाक्य बोर्डिङ स्कूलका कुनाल मण्डल प्रथम भएका छन् । द्वितीय भने टाइम्स स्कूलका जिबछ कुमार महरा भए । यसमा सप्तऋषि मोडेल एकेडेमीका सादिक अलि तृतीय भएका छन् भने चौथो स्थान पोलर ईगलिश बोडिङ स्कूलका मनिष शर्माले हासिल गरे ।

यसमा छात्रातर्फ मोहन नमूना माविकी मधु पासवान प्रथम भएकी छन् । पोलरकी रामकुमारी चौधरी द्वितीय भइन् । तृतीय भने बाजु मावि फुलबरियाकी राधिका साह भइन् भने चौथो रामजानकीकी पुष्पा यादव भएकी छिन् । यस्तै, लङजम्पकै तह ६ देखि १२ सम्मको खेलमा छात्रतर्फ पोलरका शिव मण्डल प्रथम भए । यसमा मोहन नमूना माविका बद्री यादव द्वितीय भएका छन् आदर्श शिक्षा सदनका मुकेश यादव तृतीय भए ।

यसैगरी, सटपुट खेलमा छात्रतर्फ पोलरका मनिष साह प्रथम भएका छन् भने स्वास्तिकका अनुज बिक द्वितीय भए । टाइम्सका शुभम शर्मा तृतीय भएका छन् भने आदर्श शिक्षा सदनका भूपि यादव चौथो भएका छन् ।

यस खेलमा छात्रातर्फ पोलरकी शारदा साह प्रथम भएकी छिन् भने मोहन नमूना माविकी सुचिता यादव द्वितीय भइन् । तृतीय भने न्यू चिल्ड्रेन ईगलिश बोर्डिङ स्कूलकी रितिका साह भएकी छन् भने चौथो स्वास्तिककी अंशु महासेठ बनिन् ।यस्तै, २०० मिटर दौडको तह १ देखि ५ सम्मको खेलमा छात्रतर्फ टाइम्सका सुचित महरा प्रथम भएका छन् । द्वितीय भने आदर्श शिक्षा सदनका गणेश यादव र तृतीय जमावि सितापुरका मुकेश मण्डल भएका छन् । छात्रातर्फ आवि मटियर्वाकी मनिका कुमारी मुखिया प्रथम भएकी छिन् । यसमा जमावि सितापुरकी लक्ष्मी यादव द्वितीय तथा चानाक्यकी कृति साह तृतीय भइन् । त्यस्तै, २००

बाँकी ३ पेजमा




# थप ५० लाख डोज कोरोना खोप किन्ने प्रक्रिया सुरु

सरकारले थप ५० लाख डोज कोरेना खोप खरिदका लागि प्रक्रिया सुरू गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव लक्ष्मण अर्यालका अनुसार खोप खरिदका लागि अर्थ मन्त्रालयले स्रोत पनि सुनिश्चित गरिदिएको छ ।



संसदको शिक्षा तथा स्वास्थ्य समिति अन्तर्गतको उपसमितिमा मंगलबार सचिव अर्यालले भने, 'थप ५० लाख डोज खरिदका लागि प्रक्रिया शुरू गरिसकेका छौं ।'

भारतले १० लाख डोज खोप अनुदानमा दिएपछि नेपालमा १४ माघदेखि खोप अभियान सुरु भएको थियो ।

नेपालले भारतीय कम्पनी सेरम इन्स्टिच्युटसँग २० लाख डोज खोप खरिद गरेको छ, जसको पहिलो खेप १० लाख डोज नेपाल ल्याइसकिएको छ भने बाँकी १० लाख डोज ल्याउन बाँकी छ । यो

बाँकी ३ पेजमा



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## स्वास्थ्य

# लेमनग्रासको औषधीय गुण



लेमनग्रासको मुख्य तत्व लेमोनल वा सिट्रल हो, जसमा एन्टीफंगल र एन्टी माइक्रोबियल गुण पाइन्छ । लेमग्रास स्वास्थ्यको लागि उपयोगी हुन्छ । लेमनग्रास भिटामिन ए, बी, सी र फोलेटको लागि राम्रो स्रोत हो । यसमा पाइने पोटेसियम, क्याल्सियम, म्याग्नेसियम, आइरन शरीरलाई स्वस्थ रही कार्यसम्पादन गर्नको लागि आवश्यक हुन्छ ।

यसमा पाइने एन्टीअक्सिडेन्ट (फिनोलिक यौगिक)ले शरीरमा हुने विभिन्न रोगहरूबाट बच्न औषधिको रूपमा काम गर्छ । यस्ता छन् लेमनग्रासको सेवनबाट पाइने फाइदा:

**कोलेस्टेरोल कम गर्छ**

लेमनग्रासमा एन्टीहाइपर लिपिडोमिक र एन्टी हाइपर कोलेस्ट्रोस्ट्रोलेमल गुण हुन्छ जसले कोलेस्टेरोलको स्तरलाई स्वस्थ राख्न मद्धत गर्छ । एक अध्ययनका अनुसार दैनिक लेमनग्रासको सेवन गर्नाले ट्राइग्लिसराइड्सको स्तर ठिक हुन्छ र शरीरबाट एलडिएल कोलेस्टेरोल कम गर्न मद्धत पुग्छ ।

**शरीरबाट विषाक्त पदार्थ निकाल्छ**

लेमनग्रासले शरीरमा जम्मा भएका हानीकारक विषाक्त पदार्थ निकाल्नमा मद्धत गर्छ । शरीरबाट विषाक्त पदार्थ निस्किएपछि शरीरको अंगले राम्रोसँग काम गर्छ ।

यसले शरीरमा युरिक एसिडको स्तर कम गर्न मद्धत गर्छ । लेमनग्रासमा पाइने डाइयुरेटिक गुणको कारण धेरैपटक पिसाब लाग्छ र पिसाबको माध्यमबाट विषाक्त पदार्थ बाहिर निस्कन्छ । यसले तपाईंको पाचन स्वास्थ्य पनि ठिक हुन्छ ।

**पेटको समस्या हटाउँछ**

एक अध्ययनका अनुसार लेमनग्रासान एन्टी माइक्रोबियल र एन्टी ब्याक्टेरियल गुण हुन्छ जसले पेटमा हुने इन्फेक्सनबाट लड्नमा मद्धत गर्छ । साथै यसले पाचनप्रणालीलाई सुधार्न, ग्यास्टोइन्टेस्टनल डिसअर्डर जस्ता अल्सरलाई रोकथाममा पनि मद्धत गर्छ । लेमनग्रासको सेबनले कब्जियतको समस्याबाट पनि छुटकारा पाउन सकिन्छ ।

**छालाको हेरचाह**

लेमनग्रासमा पाइने एन्टीसेप्टिक र एस्ट्रिन्जन्ट गुणको कारण यो छालाको लागि धेरै फाइदाकारी हुन्छ । यसले चिल्लो छालाको लागि धेरै राम्रो क्लिन्जरको रूपमा काम गर्छ र छालाबाट दाग धब्बा हटाउन मद्धत गर्छ ।

**शरीरको दुर्गन्ध हटाउँछ**

डियोड्रेन्ट बनाउन लेमनग्रासको प्रयोग गरिन्छ । यसमा पाइने एन्टीब्याक्टेरियलले शरीरबाट आउने दुर्गन्धलाई टाढा बनाउन मद्धत गर्छ । साथै फंगल र ब्याक्टेरियल इन्फेक्सनबाट रोकथाम गर्छ ।

**प्रतिरोधी प्रणाली बलियो बनाउँछ**

लेमनग्रासले पाचन, श्वास र स्नायूप्रणालीलाई ठिक राख्न मद्धत गछ । यसले खानाबाट शरीरको लागि आवश्यक पोषक तत्व अवशोषित गर्न मद्धत गर्छ जसले हाम्रो रोग प्रतिरोधी प्रणाली मजबुत हुन्छ ।

*अनलाईनखबरबाट*

# लहानका सहिद राम-लक्ष्मणको संघर्षको ऐतिहासिकता

*बाँकी अंश :*

**विराटनगर कारागारबाट कसरी भागे ?**

राम-लक्ष्मण कारागारबाट बाहिरी दुनियाँमा गइ प्रजातन्त्रका लागि संघर्ष गर्न चाहन्थे । उनीहरूको चाहना पूरा गर्न विराटनगरका विनोद अर्याल, उमेश गिरि, मुन्नु अर्याल, अमृत अर्याल र कुमुद लोहनीले साथ दिएका थिए । नेपाली कांग्रेसले हवाइजहाज अपहरण गरेर रकम जम्मा गरेको खबर थाहा पाएपछि विद्रोही स्वभावका राम-लक्ष्मणको झन् हौसला बढ्यो । उनीहरू पनि केही त्यस्तै काम गर्न चाहन्थे । त्यसको लागि कारागारबाट बाहिर निस्कनु आवश्यक थियो । सबैभन्दा पहिले उनीहरूले आफ्नो बानी व्यहोरामा नाटकीय ढंगले परिवर्तन गरी कारागार प्रशासनसंग नरम रूपमा प्रस्तुत भए । बिरामी भएको बहानामा सधैंजसो कोसी अस्पतालमा उपचारको लागि आउने व्यवस्था मिलाए । ८-१० जना प्रहरी गार्ड लिएर सधै अस्पताल आई उपचार गरेर जान्थे । उनीहरूलाई कारागारबाट भगाउँने योजनामा नजिकबाट सहभागि भएका मुन्नु अर्याल भन्छन्, 'राम-लक्ष्मणलाई उपचारका लागि ल्याउने प्रहरी ३-४ कक्षा मात्र पढेको रहेछ । उसलाई बढुवा हुन ७ कक्षाको सर्टिफिकेट चाहिने । म आदर्श विद्यालयको शिक्षक थिए । राम लक्ष्मणलाई सधैं कारागारमा भेटन जादा ती प्रहरीसंग भेट भएको थियो । उनलाई मैले ७ पासको सर्टिफिकेट बनाइदिन्छु भनेपछि राम-लक्ष्मणलाई राम्रो गर्न थालेका थिए ।' राम लक्ष्मणलाई भगाउने योजना सफल बनाउन विनोद अर्याल दुईवटा पेस्तोल लिएर विराटनगर आए । उनले जेलमा भेटन जानेहरूलाई खबर पठाएर भाग्ने योजना बनाइदिएको बताए । राम लक्ष्मण उपचारको क्रममा बाहिर आउूदा भाग्नु पर्ने थियो । प्रहरीले नछोडला भनेर उनीहरूका साथीले अस्पताल नजिकको पसलमा सधैं प्रहरीलाई पेटभरी मिठाई खुवाउँथे । मिठाई खान पाएपछि प्रहरीहरू पनि नरम हुँदै गए । उता उनीहरूलाई बोर्डर सम्म पुऱ्याउन रघुपति जुट मिलमा तत्कालीन जी.एम.पदमा कार्यरत सी.पी. लोहनीले प्रयोग गर्ने माथी कपडाको हुड भएको जीप प्रयोग गर्ने तयारी गरिएको थियो । यसका लागि लोहनीका भतिजा कुमुद मौका कुरेर जीपलाई तयारी हालतमा राखेर बसेका थिए ।

मुन्नु अर्याल भन्छन्, 'भाग्ने योजना बनाएर एक दिन कुमुद लोहनीले जीप पनि अस्पताल अघि रहेको मिठाई पसलबाट केही पर गणेश मन्दिर नजिक लगेर राखिएको पनि थियो । तर त्यो दिन योजना सफल नभएकोले उनीहरू प्रहरीसंगै जेल तर्फ गए ।' भोली पल्ट नै फेरी उपचारका लागि अस्पताल आए । फर्किने बेलामा नास्ता पसलमा

**डा. विजयप्रसाद मिश्र**

प्रहरीहरू मिठाई खाईरहेको बखत राबम-लक्ष्मणले न्यू फेशन टेलर्सबाट सर्ट पाइन्ट लिएर आउँछु भने । टेलर्स नजिकै भएकोले छिटो आउनु होला नि भनी प्रहरीले जाने आदेश दियो । उनीहरू केही पर पुगेपछि कुद्दै मुन्नु अर्यालको मामा ठाकुर कोइरालाको घर नजिकको झाडीमा लुक्न पुगे । कहाँ गएछन् भनी खोज्दै जाँदा अर्यालले झाडीमा भेटेपछि मामाको घर भित्र पसाए । उनीहरू भाग्दा बिहानको १०-११ बजेको थियो । मुन्नु अर्याललाई प्रहरीले राम्रो संग चिन्ने भएकोले त्यतिखेर सानै उमेरका रहेका अमृत अर्याललाई साइकल दिइ जीप ल्याउन कुमुद लोहनीकोमा पठाइयो । हरिनगरा जान लागेको जीप उता नलगि दिपकले राबम-लक्ष्मण लुकेको घरमा ल्याए । राबम-लक्ष्मणलाई जीपको सिट मुनि लुकाई अगाडी अमृत अर्याल र दिपक लोहनी बसेर रघुपति जुट मिल सम्म पुऱ्याए । यो काम एक घण्टा भित्र मैं भयो । प्रशासनले बोर्डर सील गरेको भएपनि जुट मिल सम्म जान जी.एम. चढने जीपलाई कसैले रोकेनन् । जुटमिलको पर्खाल नाघेपछि जोगवनी भारत तर्फ पुगिने भएकोले ९–१० फिटको पर्खाल छर्पिन लगाएर उनीहरूलाई भारत पठाइयो ।

धेरै संघर्ष गरेर कारागारबाट भागेका राम-लक्ष्मणको बारेमा उनीहरूसँगै कारागारमा रहेका अशोक कोइरालाले भारतमा रहनु भएकी नोना कोइरालालाई पत्र लेखी उनीहरू राबम-लक्ष्मण सरकारसंग मिलेर भागेको आरोप लगाउनु भएको थियो । भागेर भारतको सागरनाथ पुगेका राम-लक्ष्मणलाई नोना कोईरालाले 'यहाँ बस्नु हुदैन' भन्दै राजघाटको पार्टी अफिसमा लगेर राखिदिएका थिए । राम-लक्ष्मणले भारतमा रहेका दुर्गा सुवेदीसंगको भेटमा नोना कोईरालाले बाकस चेक गरेको र गोपाल राईले चियो चर्चा गर्न थालेकोमा दुःख लागेको बताएका थिए भने उमेश गिरि संगको भेटमा अशोक कोइरालाले उनीहरूको विरूद्धमा कुरा गरेको थाहा पाएपछि उनलाई कुनै पनि हालतमा नछोडने भनी आक्रोश व्यक्त गरेका थिए । पार्टी भित्रै मनमुटाव भएपछि बी.पी. कोईरालाले राबम-लक्ष्मणलाई आगरामा लगेर राखेका थिए ।

***राम लक्ष्मणमाथी अशोक कोईरालाले लगाएको आरोपको***



***सफाइमा उनीहरूले लेखेको पत्रको व्यहोरा यस्तो थियो ।***

*राम-लक्ष्मण फरार भए भन्ने सुन्ना साथ मेरा साथीहरू बीच स्वभावत : एउटा प्रश्न आउूछ । किन यी दुवै जेलबाट भागे ? के तीन वर्षको कठोर जेल यातना देखी असह्य भएर कुनै सुखी जीवनको तलासमा कि सरकारले बन्दुकको घेरा भित्र घरि धनकुट्टा र तेह्रथुमको असह्य उकालो चढाएर घरि विराटनगर जेल र राजविराज जेलको त्रस्त गर्मी र औलोमा यिनीहरूलाई राखेर यिनीहरूको शरिरलाई दुब्लो र क्षीण बनाउनुको साथ साथै यिनीहरूको ढुकढुकीमा चट्टानसरह रहेको लोकतन्त्र, राष्ट्रियता र समाजवाद जस्तो पवित्र आदर्शलाई पनि कमजोर र शुन्य बनाईदियो । असंख्य क्रान्तिकारी युवकहरूलाई जेलनेलमा राखेर सुख र शान्तिको क्षणिक निःश्वास फेर्ने निरंकुश सरकारलाई पनि यो किन भन्ने प्रश्नले विचलित पारेको होला । यस सरकारले जेलमा असंख्य युवकलाई थुन्न सक्छ तर तिनीहरूको आदर्श, आस्था र विचार नि ? आजको युवकको हृदयमा दन्केको आगोको ज्वालालाई निभाउने शक्ति के यस नपुंसक सरकारमा छ ? क्रान्तिको लागि होमिएका अनेक असाध्य कष्ट र दुःख खपेका र जेलमा बसेका तरूणहरू त क्रान्तिका बरदपुत्र हुन । यो दुष्ट सरकारले दुईचार बरदपुत्र मार्न सक्छ, थुन्न सक्छ तर क्रान्तिरुपी आमालाई जनमानसमा व्याप्त छिन कदापि रोक्न सक्दैन ।*

*जेल भित्र र बाहिर यातना सहेर बस्नु भएका साथीहरूलाई हामी यसै लेखद्वारा विश्वास दिलाउन चाहन्छौं । हामी त्यसै आदर्शको स्थापनाको लागि गर्न र मर्न आएका हौं जसको लागि हाम्रा साथीहरू जीवन र मृत्युको दोसाधमा झुण्डिरहनु भएको छ । हामी कुनै आनन्द र सुखी जीवनको तलासमा जेलको यातना सहन नसकेर भागेका होइनौं । कष्टलाई त हामी आफ्नो जीवनको बरदान ठान्दछौं । पौराणिक कथामा बाल्मीकिले भगवान रामसंग आजीवन दुःख पाऊ भनि बरदान मागेको प्रसंग भेटिन्छ । पुरूषोत्तम रामले किन भनी प्रश्न गर्दा बाल्मीकिले भनेका थिए- किन भने सुखमा हजुरलाई विर्सन्छु । दुःखमा त सदा हजुरकै संझना रहन्छ ।*

*सोही परी हामी पनि दुःखको कामना गर्दछौं । खुसी जीवनमा त दुष्कर लोकतन्त्र र समाजवादको बाटो कठिन र असह्य हुन जान्छ । यही दुष्कर बाटोमा हिडने मोहलाई त्याग्न नसकेर हामी जेलबाट भागेका । हामी जेल परेपछि नेपालका अनेक किसिमका क्रान्तिकारी घटनाहरू घटे । बीरेन्द्रको सिंहासन हल्लिन थाल्यो । उनका चम्चाहरू डरले कूाप्न थाले र हामी जेलका मानिस बढी उत्तेजित हुन थाल्यौं । लोकतन्त्रको स्थापनाको यत्रो ठूलो तयारीमा हाम्रो केही पनि योगदान नहुने भयो भन्ने प्रश्न मात्रले । बम र पिस्तौलको टडकारो शब्द हामी जेलभित्र पनि सुन्थ्यौं । हाम्रो विचार सक्रिय र सजीब थियो तर हाम्रो शरिर पर्खालको घेरा भित्र बूाधीएको थियो जो मात्र बरबराउन सक्छन् गर्न केही सक्दैनन् । यसै सन्दर्भमा एउटा कुरा बताइ दिऊ -अहिले नेपालको राजनीतिको सन्दर्भमा हामी हिसामा विश्वास गर्दछौं । हिसा हाम्रो लक्ष्य होइन । यो त हाम्रो महान् लक्ष्यको प्राप्तिको सशक्त र सबल साधन हो । त्यसैकारण गिरिजाप्रसाद काइरालाको क्रान्तिकारी व्यक्तित्व प्रति हाम्रो असिम श्रद्धा र स्नेह छ । किनकी उहूाले देशभरीका तरूणहरूको क्रान्तिकारी भावनाको कदर गर्नुभएको छ । क्रान्तिकारी तरूणहरूको समर्थन र सहयोग गरेर उनीहरूमा अदम्य उत्साह र साहस प्रदान गरेर पार्टी र नेतृत्व प्रति नयू आस्थाको सृजना गर्नुभएको छ ।* **(हेर्नुस बेलेटिन नं. ५ तरूण पत्रमा गिरिजाप्रसाद कोइरालाको वक्तव्य )** *यस्तो बेलामा सजीब लास भएर जेल बस्नु मृत्युभन्दा पनि बढी कष्टदायी थियो ।*

*राजा बीरेन्द्रले हाम्रा पुराना कर्मठ, इमान्दार र योग्य नेतृत्वहरूलाई सखाप पारेर वर्तमान पिंढीलाई पंगु र निश्तेज बनाइदिने कुत्सित जाल रचेको छ । सहिद सरोजप्रसाद कोइरालाको अमानुषिक हत्याले सारा नेपाली स्तब्ध भए । दिवान सिंह राईको हत्या र योगेन्द्रमान सेरचनको हत्याले कुन नेपालीको आूखा रसाएन ? मानवताले डाँको छोडेर रोयो जब यी प्रकाशपुञ्जहरूले नेपाललाई सधैंको लागि अध्यारो पारेर छोडेर*

***बाँकी ४ पेजमा***

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ । सवारी साधनको खरिद बिक्री हुने योग छ । दाम्पत्य जीवन पनि सुखमय नै हुनेछ ।

**वृष** :- मन सम्हाल्न आवश्यक हुनेछ । दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनु पर्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन**:- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । प्रेममा सफलता मिल्नेछ ।

**कर्कट** :- श्रमको उचित मुल्यांकन हुनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । शुभ समाचार पनि सुन्न पाइएला ।

**सिंह**:- अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । पठनपाठनमा प्रगति हुनेछ ।

**कन्या** :- मन खिन्न हुने स्थिति आउनेछ । कार्य सम्पादनमा सहजता नमिल्ला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजक रहनु होला ।

**तुला** :- आज मान सम्मान पाइनसक्छ । घरमा अतिथीको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । कुटुम्बको सहयोग पनि मिल्नेछ ।

**वृश्चिक** :- आज पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ ।

**धनु** :- रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । प्रेमीको सहयोग प्राप्त हुनेछ । छोटो यात्रा पनि हुन सक्छ ।

**मकर**:- माया प्रेममा सामिप्यता बढेर जानेछ भने घर परिवार तथा आफन्तबिचको सम्बन्धमा सुधार भएर जानेछ । शुभ समाचार सुन्न पाईएला ।

**कुम्भ**:- इनाम र प्रतिष्ठा कमाउने बेलाछ । परिवारमा सुख सन्तोष छाउनेछ । अधुरो काम बन्नेछ । धार्मिक र सांस्कृतिक कार्यमा सरिक भाईनेछ ।

**मिन** :- आज आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । आँटेको र ताकेको कार्य पुरा होला । कलकारखाना र बन्द व्यापारमा पनि राम्रै हुनेछ ।

# हटाउन सक्छ भने हटाओस्, अर्को चुनावमा दुई तिहाइ ल्याउँछु : ओली




प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई कसैले हटाए अर्को चुनावमा दुई तिहाइ बहुमत ल्याउने दावी गरेका छन् ।

मंगलबार झापामा पूर्वाञ्चल क्यान्सर अस्पतालको उ[illegible]ाटन गर्दै उनले भने 'अहिले पनि कसैले हटाउन सक्छ भने हटाओस्, खुशीसाथ हट्छु, तर आउँदो चुनावमा ':डेढ दुई वर्षपछि त चुनाव त आइसक्छ, दुई तिहाइका साथ सिंहदरबारमा फर्किन्छु ।'

तर आफूलाई हटाउन सजिलो नभएको प्रधानमन्त्री ओलीले बताए । उनले आफूले फागुन २३ गते संसद अधिवेशन बोलाएको भन्दै सर्वोच्च अदालतको फैसलाको अब परीक्षण हुने बताए । आफूले विघटन गरेको प्रतिनिधिसभा ब्युँतिए पनि केही फरक नपर्ने प्रधानमन्त्री ओलीले बताए । 'ब्युँतायो भने के बिग्रियो र ठिकै छ । तर अब प्रतिनिधिसभा कसरी अगाडि जान्छ ? देशको राजनीति कसरी अगाडि जान्छ ? अदालतको फैसलाको मूल्यांकन परिणमले गर्नेछ, म केही बोल्दिन' उनले भने । उनले प्रधानमन्त्रीको हैसियतले आफू अदालतको फैसला मान्ने पनि बताए । आफू राजनीति गर्ने मान्छे भन्दै प्रधानमन्त्री ओलीले केही माग्न परेमा जनतामा जाने बताए । ' म राजनीति गर्ने मान्छे हो । म माग्न जाँदा दरखास्त हाल्न जाँदा तपाईहरूकामा आउँछु, नेपाली जनताको बीचमा जान्छु । ममाथि अन्याय भयो, तपाईहरूले न्याय दिनुस् छु भनेर ।' *अनलाईनखबरबाट*

## मिर्चैयामा ...

मिटर दौडकै तह ६ देखि १२ सम्मको खेलमा पोलरका अमर किशोर रजक प्रथम भएका छन् भने स्वास्तिकका रामकृष्ण पौडेल द्वितीय भए । बाजु मावि फुलबरियाका मुरली राय तृतीय भएका छन् ।

यसैगरी, १०० मिटर दौडको तह १ देखि ५ सम्मको खेलमा छात्रतर्फ अक्षर पाठशालाका सिकेश कुमार मण्डल प्रथम भएका छन् । द्वितीय भने रामजानकीका नवल कुवँर, टाइम्सका सुजित महरा तृतीय र आदर्श शिक्षा सदनका दिपेश शर्मा चौथो भएका छन् ।

यस खेलमा छात्रातर्फ शारदा मावि रामपुरविर्ताकी मनिषा कापरी प्रथम भएकी छन् । रामजानकीकी पुष्पा शर्मा द्वितीय, आवि कुथनमाकी नन्दनी महरा तृतीय र अक्षर पाठशालाकी प्रतिभा यादव चौथो भएकी छन् ।

त्यस्तै, १०० मिटर दौडकै तह ६ देखि १२ सम्मको खेलमा पोलरका अमर किशोर रजक प्रथम भएका छन् भने मोहन नमूना माविका संतोष मण्डल द्वितीय भए । टाइम्सका पारस महतो तृतीय र रानी मेमोरियल एकेडेमी सित्रौनका मतरूजा खान चौथो भएका छन् ।

छात्रातर्फ भने पोलरकी आयुषी गुप्ता प्रथम भएकी छन् । रानी मेमोरियलकी अजमेरी खातुन द्वितीय, मोहन नमूना माविकी सविता कापरी तृतीय र शारदा माविकी रञ्जु कुमारी महतो चौथो भएकी छन् ।

प्रतियोगिताका विजेतालाई मेडल र सिल्डसहित पुरस्कृत गरिएको छ । कार्यक्रमको प्रमुख अतिथिसमेत रहेका मिर्चैयाका नगरप्रमुख श्रवण कुमार यादवले नगरमै उत्कृष्ट खेलाडी उत्पादन र खेल क्षेत्रको विकासका लागि मेयर कप खेलकुद प्रतियोगिता आयोजना गरेको बताए ।

स्वस्थ जीवन र सामाजिक सद्भावका लागि पनि खेलकुद आवश्यक रहेको भन्दै उनले आगामी दिनहरूमा पनि यसलाई निरन्तरता दिने बताए ।

यस किसिमका कार्यक्रमले सामाजिक रूपान्तरणको अभियानमा समेत टेवा पुग्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरध्वज आङ्देम्बेले विश्वास व्यक्त गरे ।

## थप ५० लाख ...

१५ दिनभित्र आउने स्वास्थ्य सेवा विभागका महानिर्देशक दीपेन्द्ररमण सिंहले जानकारी दिएका छन् । चिनले पनि ८ लाख डोज कोरोना खोप अनुदानमा दिने घोषणा गरेको छ । यस्तै कोभ्याक्समार्फत पहिलो चरणमा २२ लाख आउँदैछ । यो सबै गर्दा सरकारसँग १ करोड १० लाख डोज खोप हुने सचिव अर्यालले जानकारी दिए ।

**खोप ल्याउन निजी क्षेत्र अनिच्छुक**

यसैबीच कोभिड-१९ खोप ल्याउन निजी क्षेत्र अनिच्छुक देखिएको छ । सरकारले २१ माघमा निजी क्षेत्रलाई कोरोना खोप ल्याउन शर्तसहित खुला गरेको थियो ।

औषधि वा खोपको आपतकालीन प्रयोग सम्बन्धी संहिता २०७७ मा राखिएका विभिन्न मापदण्ड पूरा गर्नेले खोप ल्याउन सक्ने व्यवस्था सरकारले गरेको थियो । संहिताअनुसार निजी क्षेत्रले खोप ल्याउन चाहँदा मुख्यतः तीन वटा शर्त पूरा गर्नुपर्छ ।

**पहिलो- खोपको मूल्य सरकारले तोक्ने**

**दोस्रो- सरकारले तोकेको स्वास्थ्यसंस्थाबाट मात्रै खोप लगाउनु पर्ने**

**तेस्रो- सरकारले तोकेको प्राथमिकता सूचीमा परेकोलाई मात्रै खोप लगाउन पाइने**

सरकारको शर्तहरु मानेर कोरोना खोप ल्याउन कुनै निजी कम्पनीले इच्छा नदेखाएको सचिव अर्यालले जानकारी दिए । 'कन्ट्रोल पोलिसीका आधारमा कसैले आयात अनुमति लिनुहुन्छ भने अनुमति दिन्छौं' स्वास्थ्य सचिव अर्यालले भने, 'तर अहिलेसम्म कसैले पनि आयात अनुमति लिन डकुमेण्ट पेश गर्नुभएको छैन ।'

औषधि व्यवस्था विभागले पनि अहिलेसम्म सरकारले जिटुजीमार्फत मात्रै खोप ल्याएको बताएको छ । निजी क्षेत्रका आयातकर्ताले खोप ल्याउन अनुमति लिंदा केही प्रकिया पूरा गर्नुपर्ने विभागका प्रवक्ता सन्तोष केसीले बताए । 'निजीलाई खोप ल्याउन सरकारले अनुमति दिएको खण्डमा आयातकर्ताले प्रकिया पुर्याएर ल्याउन पाउँछन्' प्रवक्ता केसीले भने, 'कागजात पुगेका आयातकर्ताले खोप ल्याउन पाउँछन् ।'

यसअघि हुकुम डिस्ट्रिब्युटर्सले भारतको 'कोभिसिल्ड'लाई आपतकालीन प्रयोगको लागि दर्ता गरेको थियो । उक्त कम्पनीले आयातका लागि थप कागजात पुर्याएर विभागमा आयातको निवेदन दिएमा आयात गर्न सक्ने केसी बताउँछन् ।

**स्थानीय तहले असहयोग गरेको गुनासो**

कोरोना खोप लगाउने अभियानमा स्थानीय तहका जनप्रतिनिहरूले सहयोग गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको गुनासो छ । स्वास्थ्य सेवा विभाग अन्तर्गतको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा.झलक शर्मा गौतमले कतिपय स्थानीय तहका जनप्रतिनिधिले कोरोना खोप अभियानमा सहभागिता समेत नजनाएको बताए । *अनलाईनखबरबाट*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक

लहानपोस्ट LAHANPOST DAILY

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

## लहानका ...

*गए । जुन देशको इतिहासले महान व्यक्तिको मार्मिक प्रहार खप्न सकेको छ, त्यै देशको इतिहासले महान व्यक्तिलाई जन्माउन पनि सकेको छ, । यही सब घटनाले हाम्रो हृदयले चित्कार गर्दथ्यो, विद्रोह गर्दथ्यो । लाग्दथ्यो कति भाग्यशाली हुने थियो हामी यदि त्यो लाठी त्यो गोली त्यो कारको आक्रमण हाम्रो शरिरले सहन पाएको भए । तपाईँहरूलाई लाग्ला यी कोरा भावना मात्र हुन सक्छ । तर यही भावनाले पीडित थियौं र यही भावनाले हामीलाई जेलबाट भाग्न प्रेरित गरायो । केही गर्नेछौं भन्ने उमंग र आत्मविश्वास छ । जुन मुलुकले विश्वेश्वरप्रसाद कोइराला जस्तो महान नेतृत्व र नेपाली कांग्रेस जस्तो पार्टी पाएको छ, त्यही हामी जस्तो यूवकमा आत्मविश्वास स्वभाविक नै हो ।*

**(नोट : यो पत्र रामलक्ष्मण लेखेका हुन । यो तरूण बुलेटिन नं ६ मा १९७५ अगस्तमा प्रकाशित भएको छ ।)**

**असफल ओखलढुंगा अप्रेशनमा राम -लक्ष्मणको सहभागिता :**

भारतमा बसिरहेका नेपाली कांग्रेसका नेताहरूले प्रजातन्त्रको पुर्नबहालीको लागि नेपालको विभिन्न ठाउँमा आक्रमण गर्ने योजना बनाए । यही योजना अन्तर्गत पूर्वाञ्चलको ओखलढुंगामा रहेको नेपाली सेनामाथी आक्रमण गरी कब्जा गर्ने पनि थियो । यस योजनामा नजिकबाट सहभागी भएका उमेश गिरि भन्छन् 'योजना कप्तान यज्ञबहादुर थापाले बनाए, अनुमोदन गर्ने काम गिरिजाप्रसाद कोइरालाले गरे भने बी.पी.ले 'एस' भनेर स्वीकृति दिएका हुन ।'

उमेश गिरि ओखलढुंगा जाने मिशनको बाटो हेर्न गिरिजाप्रसाद कोइरालाको आदेशमा सुनसरी हरिनगराका प्रकाश कोईरालासंगै भारतको जयनगरमा गई बसे । गिरिका अनुसार उहाूको मामाघर जनकपुर भएकोले जयनगरबाट कमलाको तिरै तिर सिरहाको मिर्चैया जाने बाटोको बारेमा नक्शा बनाउन सजिलो भएको थियो । कप्तान यज्ञबहादुरको नेतृत्वमा आउने ३७ जनाको टोलीलाई जयनगरमा कहाँ उतार्ने, हतियार कसरी ल्याउने र कहाँ लगेर हतियार दिने सबै नक्शा बनाउन गिरि खटिएका थिए । जयनगर कै कुनै होटलमा बसेर उनले सबै योजना बनाए । उनले ३७ जना जयनगर भन्दा एक स्टेशन अघि नै ओर्लने । उनीहरूले साथमा हतियार लिएर नआउने । जयनगरमा कमला नदीबाट बोर्डर क्षेत्रमा निकालिएको नहरै नहर गएपछि आउने आँपको ठूलो बगैंचामा साँझको समयमा सबैलाई भेला गरी त्यही नेपाली सेनाले लगाउने पोशाक लगाउने र हतियार दिएर नेपालतिर पठाउने र उनीहरू कमला नदीको तिरैतिर मिर्चैया पुग्ने योजना बनेको थियो ।

उता ३७ जनाको समूहमा राम लक्ष्मण पनि जाने ईच्छा व्यक्त गरेका थिए । बी.पी. कोइरालाले तिमीहरू सक्दैनौ नजाओ भनेका थिए । धेरै जिद्धि गरेपछि दुवै मध्ये एक जना मात्र जाओ भनिएको थियो । तर पनि उनीहरू मानेनन् । त्यसपछि उनीहरूलाई राजनैतिक कमिशार बनाएर पठाइएको थियो ।

हतियार र नेपाल आर्मीको पोशाक दिल्लीबाट बनारस र बनारसबाट पटना ल्याईएको थियो । समस्तीपुरको ढोली भन्ने ठाउँमा क्रान्तिकुमार सिंहको जमिन्दारी भएको ठाउँमा सबै भेला भएका थिए । त्यहाँबाट मिशनमा जानेहरू रेलमा चढेर भनेको ठाउँमा पुगे । यज्ञबहादुर, गिरिजाप्रसाद र बीपी कोइराला एउटा जीपमा र अर्को जीपमा हतियार लिएर जयनगरको बोर्डर छेऊको फुलबारीमा पुगे । झमक्क साँझ परेको बखत सबैले हत्तपत्त जीपबाट नेपाली सेनाको पोशाक निकालेर लगाए र भएको हतियार, ग्रिनेट सहितका झोलाहरू बोके । जाडोको मौसम भएकोले अरूले नचिनुन भनेर बाँदर टोपी लगाएर बसेका उमेश गिरिलाई मिशनमा जानेहरूले पनि त्यस्तै टोपि किनिदिनु भने । उनले ४० वटा टोपी किनेर दिए । सबैले त्यो टोपी लगाए । ल्याएको हतियार बढी भएको थियो । उमेश गिरि भन्छन्,' कति जनालाई त दुई दुईवटा स्टेनगन थमाई दिए । हतियार ३६ वटा मानिस ३०- ३१ जना मात्र । गाईड पनि छैन ।' हतियारमा स्टेनगन, पिस्टन, एसएलआर र ह्याण्ड ग्रिनेट थियो । नेताहरू फर्किए । उनी भन्छन्,'जुनेली रात भएकोले सेतो जंगे पिलर देखिएको थियो । उनीहरूलाई ऊ त्यही सीमाको पिलर भन्दै बाटै बाटो उत्तर लाग्नु भनेर मिशनलाई विदा गरे । 'त्यो दिन उमेश गिरि जयनगर मै बसे ।

ओखलढुंगामा कप्तान यज्ञबहादुरका भान्जा नेपाली सेनाको नेतृत्वमा थिए । उनले जनमुक्ति सेना गएपछि सेलेण्डर गर्ने र सजिलै ओखलढुंगा कब्जा गर्ने योजना बनेको थियो । त्यसैले मिशन गोप्य भएमा त्यहा्ू युद्ध नभई नाटक मात्र मञ्चन हुन्थ्यो । तर मिशनका सूचनाहरू चुहिन थाल्यो ।

मिशनमा जाने नामावलीमा परेका गोपाल राई जयनगरसम्म नै आई नपुगेको उमेश गिरिले बताए । त्यसवखत राईका बुबा कटारीका थानेदार थिए । राई मिशनमा सहभागी हुन्छु भनेर पनि नआउनुमा रहस्य भएको टिम्बुरबोटे काण्डका जिउदो सहिद एल.बी. गुरूङले पनि भनेका छन् । नेपालमा बहुदल आइसकेपछि ओखलढुंगावाट नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधि पनि हुन नपाएपछि गुरूङले धुरूधुरू रूदै भनेका थिए, 'ओखलढुंगा आक्रमण गर्नेबेलामा गोपाल राई चुरे पहाड नै चढन नमानी फर्कियो । महेश कर्मोच्या सेनाले आक्रमण गरेको एक दिन अघि जाडो भयो भनी कम्मल लिन गएको मानिस फर्किएर आएन । यस्ताले मलाई कसरी प्रतिनिधि बन्न दिन्छन ?' उमेश गिरि जयनगरको घटना सम्झदै भन्छन्,'मिशनमा गएका मध्ये दीप देवान र ढकबहादुर राई(साङपाङ) भोली पल्ट फर्किएछन् । उनीहरूले हामी बसेको होटलमा चिठ्ठी छोड्का रहेछन् ।' उमेश गिरि हत्तपत्त उनीहरू बसेको ठाउँमा गए । दुबैजना भट्टीमा जाँड खादै गरेको उनले भेटेर कुराकानी गरेछन् । किन आएको ? के भयो ? एकै पटक उमेश गिरिले प्रश्न गरेपछि उनीहरूले यज्ञबहादुरले हामीलाई छोडेर गए भनि जवाफ दिए । राईले भनेछन्, 'दीप देवानको झोला टुटेकोले हामीले पर्खिनुस भन्यौ । तर यज्ञबहादुरले तपाईसँग वाकिटकी छदैछ कुरा गरेर आउनुहोला हामी जादैछौं भने । पछि बाटो विराएर कत्ति खोज्यौं, वाकिटकी पनि कन्टक्ट नै भएन र फर्कियौं ।' उमेशले उनीहरूको कुरा सुनेर छक्क मान्दै अब के गर्ने भन्ने समस्यामा परे । उनीहरूलाई तिमीहरूको हतियार खोई भनी सोधेछन् । नदीको बालुवामा गाडेर आएको भनी झुट बोले भन्ने गिरिले आरोप लगाए । गिरिले ती दुबैलाई हेडक्वाटर जाूऔ भन्दा पनि नमाने पछि उनीहरूसंग भएको वाइनाकुलर र वाकिटकी लिएर राती नै साढे पाूच सय भारूमा जीप रिजर्भ गरी पटना तर्फ लागेछन् । बिहानी पख ४ बजे उनी पटना पुगे र नेताहरूलाई बेलिबिस्तार लगाए । यता उनीहरूले रहरी बारीमा हतियार र नक्शा छोडेका रहेछन् । बिहानी पख चरूवाहरूले त्यो देखे पछि हल्ला भयो । झिंझाका डाँकाहरूले हतियार लगेछन् । नक्शा र झोला पछि सेनाले लगेको मातृभूमि साप्ताहिकमा प्रकाशन भयो । त्यसपछि मिशनमा जानेहरूको खोजी सरकारले तिब्र गतीमा गरेको थियो ।

यज्ञ बहादुरको नेतृत्वमा गएको मिशनलाई बाटो देखाउने मानिस नभएकाले भोली पल्ट दिउँसो ११ बजे मात्र हाईवे क्रश गरी मिर्चैया पुगेछन् । ओखलढुंगाको तोकिएको स्थानमा तेस्रो दिन पुग्नु पर्नेमा २५- २६ दिन लगाएर पुगेका थिए । राबम-लक्ष्मण राजनैतिक कमिसार भएपनि उनीहरू कलिलै उमेरका भएकाले हतियार चलाउन पनि आउँदैनथ्यो । पहिलेको सोलुखुम्बु र अहिलेको ओखलढुंगामा पर्ने टिम्बुरबोटेको ओडारमा गएर मिशन बस्यो । सरकारी सेनाले काठमाण्डौबाट थप सेना बोलाएर उनीहरू बसेको ओडारमा लञ्चरले हान्दै २०३१ साल पुस १ गते बिहानी पख आक्रमण गर्दछन् । जीवित रहेकाले बताए अनुसार युद्ध गरेकालाई ओडार भित्र पसे झन् बाच्न असम्भव भन्ने थाहा पाएर फुत्त फुत्त निस्किदै भागेका थिए । तर युद्धको ज्ञान नभएका राम-लक्ष्मण भने झन झन् ओडार भित्रै पस्नाले बम विस्फोटको सिकार भए र साहदत प्राप्त गरे । एकै दिन जन्मिएका राबम-लक्ष्मणको एक दिन एकै ठाउूमा एकै चिहानमा मर्नु पऱ्यो । धार्मिक विधि अनुसार शव जलाउन समेत परिवार जनले पाएनन् ।

प्रजातन्त्रका लागि उदाएका दुई तारा प्रजातन्त्रको लागि संघर्ष गर्दा गर्दै अस्ताए ।

**निष्कर्ष :**

राम-लक्ष्मण नेविसंघको मात्र होईन, नेपाली कांग्रेसको लागि मात्र होईन, देशका सबै प्रजातन्त्रप्रेमीहरूको लागि प्रेरणाको स्रोत बनेर अमर सहिद बनेका छन् । उनको भाषण गर्ने शैली बरदान जस्तै थियो । यो सिकेर नसकिने खालको कला थियो । उनको भाषण गर्ने कलालाई एमालेका मदन भण्डारीको भाषण संग तुलना गरेर हेर्ने गरिएको छ । भाषण गरेर दर्शकहरूलाई मन्त्रमुग्ध पार्नु र संगठन विस्तार कुशलता पूर्वक गर्न सक्ने भएकाले छोटो अवधिमा उल्लेख्य प्रगती गरेका थिए । उनीहरूको प्रगतीलाई पार्टी भित्र कै केहीले देख्न सकेनन् । कतिलाई उनको भाषणबाट र उनको तर्कबाट जलन भयो होला । जसलाई जे भएपनि उनीहरू भने प्रजातन्त्रको सच्चा पुजारी थिए । त्यसैले शान्तिपूर्ण आन्दोलनदेखि जोखिमपूर्ण सशस्त्र आन्दोलन गर्न पनि पछि परेनन् ।

उनीहरूको सुरक्षाको जिम्मा त राजनेताहरूले लिनु पर्दथ्यो । भौगोलिक ज्ञान नभएको स्थानमा हतियार चलाउन नसिकाइ सानै उमेरमा राजनैतिक कमिशार बनाएर पठाउनु हुन्थ्यो कि हुन्नथ्यो ? युद्धको वैज्ञानिक नियमले पनि के भन्छ भने कसैसँग युद्ध गर्दा चार दिशा मध्ये कुनै एक दिशाबाट पछि सर्ने ठाउँ हुनु पर्दछ । कतैबाट पछि सर्ने ठाउँ छैन भने कुनै न कुनै दिन घेरामा परि मृत्यु वरण गर्नु बाहेकको विकल्प हुदैन । भाग्ने वा पछि सर्ने बाटोको योजना नबनाई गरिएको यो सशस्त्र मिशन सफल हुन लगभग असम्भव नै थियो ।

अशोक कोइरालाँग मनमुटाव भएपछि त्यसलाई मिलाएर राम-लक्ष्मणलाई हैसला दिने तर्फ लाग्नु भन्दा नेता र नेतृहरू स्वयंले शंकालु नजरले हेरिदिनु जस्ता कारणले गर्दा उनीहरू मानसिक तनावमा परेर बाध्य भएर सशस्त्र युद्धमा गएको कुरा कसैबाट लुकेको छैन । यस्तो अवस्था सृजना गर्ने पार्टी पंक्तिलाई अहिलेका युवा पुस्ताले पहिचान गरी अबका दिनमा यस्तो अवस्था नआउने वातावरण बनाउनु आवश्यक छ ।

दुर्गा सुवेदीले भने जस्तै राबम-लक्ष्मण विद्रोही स्वभावका पनि थिए जसले उनीहरूलाई सशस्त्र युद्ध गर्न लालायित बनाएको थियो । कसैले बम विस्फोट गराएको खबर सुनेका यी युवाहरूलाई पनि केही न केही त गरौं भन्ने थियो । तर गर्न लगाउनेले होस नपुऱ्याएकोले अप्रिय घटना अहिले दुःखद इतिहास बनेको छ । यही दुःखद इतिहास भित्रका सिकाइबाट सबै युवाहरूमा विद्रोही मात्र होईन क्रान्तिकारी बन्ने बानीको विकास होस ।

राम-लक्ष्मण अहिले भइदिएका भए पक्कै राजनीतिक शक्तिको केन्द्रमा हुनेथिए । जसले लहानले राजनीतिक फाइदा लिनसक्ने थियो । संघर्षशील नेताको अभावले लहानले कोइरालाको विराटनगर, ओलीको झापा, दाहालको चितवन र देउवाको डडेलधुराजस्तो विकासमा बुर्कुची मार्न पाएको छैन । लहानलाई विकास प्रेमी, उद्योग प्रेमी नेताको खाँचो छ । बौद्धिकताले मात्र नागरिकका सुकेका ओठहरू रसाउन नसक्दो रहेछ भने पाठ लहानबासीले सिकेका छन् । यस्तो बेला साच्चिकै राबम-लक्ष्मणको सपना पुरागर्ने कोही व्यक्तित्व युवा पुस्ताबाट निस्कन्छन् कि भनेर लहानले नै खोजी रहेको छ । पुराना नेताहरूबाट उनको सपना पूरा हुने देखिएको छैन । युवा मध्ये कोही हुनुहुन्छ ? जो राबम-लक्ष्मणको विचारलाई यथार्थमा पूरा गर्ने अभिरा बोक्ने ? हुनुहुन्छ भने अग्रसर हुनुहोस । सिंगो लहान होस्टेमा हैसै गर्न पछि पर्ने छैन ।

**गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !**

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)